काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५० | शुक्रवार, २९ फागुन, २०८२ | Friday, 13 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

'भारत र नेपालबिचको गतिशील सम्बन्ध थप प्रगाढ हुने'



काँक्रेविहार संवाददाता

काठमाडौं, २८ फागुन

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भारत र नेपालबिच अद्वितीय र बहुआयामिक साझेदारी तथा सम्बन्ध रहेको स्मरण गराएका छन् । उनले आगामी दिन र वर्षहरुमा दुई देशबिचको यो गतिशील सम्बन्ध थप प्रगाढ र बलियो हुँदै जाने विश्वास भारतले लिएको प्रष्ट पारेका हुन् ।

नयाँ दिल्लीमा आयोजित नियमित पत्रकार सम्मेलन उनले नेपालमा सफलतापूर्वक सम्पन्न भएको निर्वाचनको स्वागत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले टेलिफोन गरेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र पार्टीका वरिष्ठ नेता बालेन शाहलाई बधाई दिएको जानकारी गराए । जैसवालका अनुसार मोदीले दुवै नेतालाई उनीहरुको व्यक्तिगत चुनावी जित र पार्टीले प्राप्त गरेको शानदार सफलताका लागि बधाई दिएका थिए ।

टेलिफोन कुराकानीका क्रममा प्रधानमन्त्री मोदीले नेपालका नेताहरुलाई भारतको निरन्तर साथ रहने आश्वासन दिएका थिए । एक घनिष्ठ मित्र र छिमेकीको नाताले भारत नेपालका जनता र बन्ने नयाँ सरकारसँग नजिक रहेर काम गर्न आफ्नो प्रतिबद्धतामा अडिग रहेको मोदीले सन्देश दिएको प्रवक्ता जैसवालको जिकिर थियो । साझा शान्ति, प्रगति र समृद्धिका नयाँ उचाइहरु हासिल गर्न भारत नयाँ सरकारसँग मिलेर अघि बढ्न तयार रहेको कुरा मोदीले नेताहरुलाई सुनाएका थिए ।

सूचना, समाचार तथा विज्ञापनको लागि

९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

हानिकारक तहमा पुग्यो वायु प्रदूषण

काँक्रेविहार संवाददाता

सुर्खेत, २८ फागुन

सुर्खेतमा पनि बायु प्रदुषण हानिकारक तहमा पुगेको छ । केही दिनदेखि आकाश नखुल्ने, बादल लाग्ने गरेको सुर्खेतमा बायु प्रदुषण हानिकारक तहमा पुगेको हो ।

वीरेन्द्रनगर वरपर क्षेत्रको हावामा बायु प्रदुषण मानव स्वास्थ्यलाई समेत असर गर्ने तहमा पुगेको छ । बायु प्रदुषण मापन अनुसार ० देखि ५० सम्म तहलाई स्वथ्यकर, ५१ देखि १०० सम्म मध्यम १०१ देखि १५० सम्म संवेदनशील अर्थात मानिसका लागि अस्वस्थ मानिन्छ ।

त्यस्तै २०१ देखि ३०० को तहलाई धेरै अस्वस्थ र ३०१ भन्दा माथि खतरना मानिन्छ । भने १५१ देखि २०० अस्वस्थ मानिन्छ । तर पछिल्लो केही दिनदेखि वीरेन्द्रनगरको हावामा बायु प्रदुषणको मात्र १८७ सम्म पुगेको छ । नेपालमा वायु प्रदुषणको कारण मानव स्वास्थ्यमा जोखिम बढ्दै गइरहेको छ । यसले गर्दा धुलो धुँवाका कण हावामा मिसिन गई वातावरणीय प्रणालीलाई नै नकारात्मक असर पर्ने विज्ञहरु बताउँछन् । वायुमण्डलमा रसायनहरूको मात्रा, धुलोको कणहरु, जुन ठोस, तरल या ग्याँसको रूपमा सामान्यस्तरभन्दा बढी मात्रामा भयो भने वायु प्रदुषित हुन्छ । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)को तथ्यांकअनुसार विश्वभर ७० लाखभन्दा बढी मानिसको मृत्युको कारण वायु प्रदुषणले भएको दावी छ । वायु प्रदुषणले मानिसलाइ क्रमिक रूपमा रोगी बनाएर मृत्यु गराउने हुनाले 'साइलेन्ट किलर' पनि भनिन्छ । नेपालमा दुई तरिकाले वायु प्रदुषण भइरहेको छ । जसमा घरभित्रै उत्सर्जन हुने प्रदुषण र बाहिरी वातावरणमा उत्सर्जन हुने प्रदुषण हुन् ।

ग्रामीण भेगमा घरको भान्छामा खाना पकाउँदा दाउरा, गुइठा बाल्दा निस्कने धुवाँका कारणले स्वास्थ्यमा नकारात्मक असर पार्दछ । नेपालमा वर्षेनी सुख्खा खडेरीका कारण वनमा लाग्ने डढेलोको घटनाले वायु प्रदुषण हुन ठूलो असर पार्छ । जंगलमा लागेको डढेलोका कारणले गर्दा मौसम फेरबदल पार्नुका साथै वायुमण्डल नै प्रदूषित भइरहेको छ । प्रदुषणका अन्य स्रोतहरू यातायात क्षेत्र, फोहोर जलाउने, पशुपालन मिथेन उत्सर्जन, इँटा भट्टा, सिमेन्ट कारखानाबाट निस्कने फोहोर पनि मुख्य हुन् । यी कारणले नै अहिले काठमाडौं विश्वकै सबैभन्दा प्रदूषित सहर बनेको छ ।



तस्बीर : एआई सिर्जित

देशभर वायु प्रदुषण मानव स्वास्थ्यलाई समेत असर गर्ने तहमा पुगेको छ । बायु प्रदुषण मापन अनुसार ० देखि ५० सम्म तहलाई स्वथ्यकर, ५१ देखि १०० सम्म मध्यम १०१ देखि १५० सम्म संवेदनशील अर्थात मानिसका लागि अस्वस्थ मानिन्छ ।

जनस्वास्थ्यमा खतरा बढ्दै

वायु प्रदूषणको कारक तत्व जस्तै पार्टिकुलेट म्याटर कार्वनमोनोअक्साईड, ओजन, नाइट्रोजन डाइअक्साइड आदि हुन् । मसिना धुलोको कणहरु पार्टिकुलेट म्याटरहरु साइज दायराका विषेशगरी २.५ र १० स्वास्थ्यका लागि हानिकारक प्रदुषकहरू मानिन्छ । त्यस्ता सूक्ष्म कणहरुको एक्सपोजरले श्वासप्रश्वास नलीमा पुगेर फोक्सोमा प्रतिकूल असर गर्छ ।

वायु प्रदूषणको उच्चस्तरको एक्सपोजरले विभिन्न प्रकारका प्रतिकूल स्वास्थ्य परिणामहरू निम्त्याउन सक्छ । यसले श्वासप्रश्वासको संक्रमण, दम, मुटु रोग र फोक्सोको क्यान्सरको जोखिम बढाउँछ । वायु प्रदूषकहरूसँग छोटो र दीर्घकालीन दुवै जोखिम स्वास्थ्य प्रभावहरूसँग सम्बन्धित छ । बालबालिकामा तीव्र श्वासप्रश्वासको संक्रमण र वयस्कहरूमा क्रोनिक ब्रोन्काइटिस, र थप गम्भीर प्रभावहरूले पहिले नै बिरामी भएका मानिसहरू बढी प्रभावित हुने गरेका छन् । यसले स्वास्थ्यका विभिन्न प्रणाली र शरीरका अंगहरूको संख्यालाई असर गर्छ र छोटो र दीर्घकालीन जोखिमहरूले अकाल मृत्युदर हुने गर्दछ । नेपालमा २०.५ प्रतिशत मानिसहरु वायु प्रदुषणसंग सम्बन्धीत रोगका कारण मृत्यु हुने गरेको विभिन्न अध्ययनले देखाएको छ । काठमाडौंमा अहिले वायु गुणास्तरको मापन २०० भन्दा बढी छ । काठमाडौंमा मात्र प्रदुषणको मापदण्ड विश्व स्वास्थ्य संगठनले तोकेको भन्दा करिब पाँच गुणाले बढी रहेको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय वातावरण विभागका प्रोफेसर रेजिना मास्के का अनुसार अहिले देशको अधिकांश भाग अस्वस्थ्यकर अवस्था १०० भन्दा माथि रहेको छ । काठमाडौं उपत्यकाको सबै भाग अस्वस्थ अवस्थामा छ । नेपालको वायु प्रदुषणमा मुख्य स्रोतको रूपमा रहेके डढेलोले लगभग ६० प्रतिशत योगदान गरेको छ । काठमाडौं उपत्यकामा दैनिक २० टन फोहोर जलाएर ५५ टन पार्टिक्युलेट म्याटर (पीएम) निस्कन्छ, जुन विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा ८ गुणा बढी रहेको छ । यसैगरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसन्धान शाखा प्रमुख डा. मेघनाथ धिमालका अनुसार वायु प्रदुषणले मानव स्वास्थ्यमा प्रतिकूल असर पारेको छ ।

वास्थ्य प्रभावहरूमा कार्डियोभास्कुलर प्रभावहरूः श्वासप्रश्वास दमको आक्रमण र ब्रोन्काइटिस र गर्भवती महिलाहरु वायु प्रदुषणमा बढी संवेदनशील हुन्छन् जस्तैः समयपूर्व जन्म, कम तौलको बच्चा जन्मिने जोखिम बढ्छ । नेपाल ग्लोवल बर्डेन अफ रोग २०१९ का अनुसार वायु प्रदुषणसंग सम्बन्धीत रोगका कारण वार्षिक रुपमा ४० प्रतिशतभन्दा मानिसहरुको मुत्यु भएको तथ्यांकले बताएको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको अध्ययनले नेपालमा वायु प्रदुषणले गर्दा विभिन्न श्वास प्रश्वास रोगमध्ये (३९.४%) सीओपीडी रहेको देखाएको छ । यस्तै (२९.१%) निमोनिया र (२५.३%) तीव्र श्वासप्रसासन रोग प्रमुख थिए । काठमाडौं उपत्यकाका अस्पतालमा श्वासप्रश्वाससम्बन्धी रोगको बिरामीहरुमध्ये (४.८%) दम, (४.८%) ब्रोन्काइटिसका रोगका बिरामीहरु छन् ।

स्वस्थ वातावरणको हक सुनिश्चित गर्न आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले बिहीबार स्वच्छ र स्वस्थ वातावरणको हक सुनिश्चित गर्न आग्रह गरेको छ । यस सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनहरुले प्रत्याभूत गरेका प्रावधानहरुको कार्यान्वयन गर्न सरकारसँग आग्रह गरिएको हो ।

आयोगले प्रत्येक नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारको सुनिश्चित गर्ने, गराउने कार्यमा थप जिम्मेवार हुन तीनै तहका सरकार, निजी प्रतिष्ठान तथा सम्बन्धित सबैमा आग्रह गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम भट्टराईले आफ्नो स्वास्थमा पर्नसक्ने प्रतिकूल प्रभावप्रति सचेत रहनसमेत अनुरोध गरे ।

पछिल्ला वर्षमा नेपाल वायु प्रदूषित देशहरुको विश्वव्यापी सूचीको अग्रस्थानमा परिरहेको अवस्थामा यस वर्ष पनि विगत केही दिनदेखि प्रदूषण बढ्न गई मानव स्वास्थ्यमा असर पर्न पुगेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको समेत जनाएको छ ।

आयोगले राष्ट्रिय तथा विश्वस्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डभन्दा निकै उच्च रहेको तथ्याङ्क सार्वजनिक भएको भने आयोगको प्रारम्भिक अनुगमनका क्रममा नेपालमा स्थापित वायु गुणस्तर मापन गर्ने ३० वटा संयन्त्रमध्ये ११ वटा संयन्त्रले मात्रै अनलाइन 'रिअल टाइम' वायु गुणस्तर अध्यावधिक तथ्याङ्क दिइरहेको जनाएको छ ।

वायु प्रदूषणका कारण फोक्सोको रोग, मुटुको रोग, मस्तिष्काघात, श्वासप्रश्वास प्रणालीमा सङ्क्रमणजस्ता स्वास्थ्य समस्या हुने गरेको देखिएको छ । नेपालमा प्रतिवर्ष २६ हजार व्यक्तिको वायु प्रदूषणका कारण मृत्यु हुने गरेको अध्ययनले देखाएको छ । आयोगले गरेको अनुगमनमा काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ समेत प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएको छैन ।

वायु गुणस्तरसम्बन्धी कार्यक्रम दातामुखी हुनु, अध्यावधिक तथ्याङ्कको अभाव, अन्तरतह सरकार तथा अन्तरनिकाय समन्वय प्रभावकारी हुन नसक्नुजस्ता कारण वातावरण संरक्षणको कार्यमा प्रभावकारिता आउन नसकेको आयोगले जनाएको छ ।

मानव तस्करको फन्दामा परी कम्बोडिया पुगेका १६ नेपालीको उद्धार

काँक्रेविहार संवाददाता

काठमाडौं, २८ फागुन

मानव तस्करको प्रलोभनमा परी कम्बोडिया पुगेर अलपत्र परेका १६ जना नेपालीको उद्धार गरी नेपाल फर्काइएको छ ।

थाइल्याण्डस्थित नेपाली राजदूतावासको पहल, कम्बोडिया सरकारको सहयोग र गैरआवासीय नेपाली संघ (एनआरएनए) कम्बोडियाको सहजीकरणमा उनीहरूलाई बिहीबार स्वदेश फर्काइएको हो ।

दूतावासका अनुसार उनीहरूलाई विभिन्न माध्यमबाट कम्बोडिया पुऱ्याएर अवैधरूपमा सञ्चालित अनलाइन स्क्यामिङ (ठगी) केन्द्र र क्यासिनोहरूमा गैरकानुनी काममा लगाइएको थियो ।



साथै, उनीहरूमध्ये कतिपय बिनाभिसा त्यहाँ बसिरहेका थिए । राजदूतावासले अझै पनि त्यहाँ कठिन परिस्थितिमा रहेका अन्य नेपालीहरूको उद्धारका लागि पहल निरन्तर भइरहेको जनाएको छ ।

दूतावासले कम्बोडियामा भिसाम्याद गुज्रिएर बसेका वा जबर्जस्ती गैरकानुनी काममा फसेका नेपालीहरूलाई तत्काल सम्पर्क गर्न आग्रह गरेको छ । उद्धार र नेपाल फर्कने सहजीकरणका लागि राजदूतावास बैंकक वा एनआरएनए कम्बोडियाका प्रतिनिधिहरूलाई (शिवराज पराजुलीः +८५५ १२ २१५ ५७८), लालसिंह खड्काः +८५५ ९३ २०३ ६६६ र रामजी श्रीकुमार क्षेत्रीः +८५५ ९६ ३४६ ५७८८ लाई सम्पर्क गर्न दूतावासले आग्रह गरेको छ ।

रोजगारदाता कम्पनी (स्क्यामिङ केन्द्र) ले कामदारको राहदानी (पासपोर्ट) जफत गर्ने गरेको वा ट्रान्सफर हुने क्रममा राहदानी हराउने गरेको गुनासो बढेपछि दूतावासले उद्धारका लागि सहज व्यवस्था गरेको छ । त्यस्तो अवस्थामा नेपाल फर्कन नेपाली राजदूतावास बैंककले निःशुल्क रूपमा 'एकतर्फी यात्रा अनुमतिपत्र' पीडितले दिएको ठेगानामै पठाइदिने व्यवस्था गरेको छ ।


यसैबीच दूतावासले छिटो र धेरै पैसा कमाउने लोभमा मानव तस्करको प्रलोभनमा नपर्न सर्वसाधारणलाई सचेत गराएको छ ।

पोस्टमार्टम रिपोर्ट, अत्याधिक रक्तश्रावबाट मृत्यु, सिआइबीले थप अनुसन्धान गर्दै

काँक्रेविहार संवाददाता

सुर्खेत, २८ फागुन

सामूहिक बलात्कारपछि हत्या भएको आशंका गरिएकी १६ वर्षीया इनिसा विकको पोस्टमार्टम रिपोर्ट सार्वजनिक भएको छ । रिपोर्टमा जबर्जस्ती यौनसम्पर्कका क्रममा संवेदनशील अंगमा गम्भीर चोट लाग्दा अत्यधिक रक्तश्राव भएर मृत्यु भएको हुनसक्ने उल्लेख गरिएको छ । शव परीक्षण भेरी अस्पताल, बाँकेका फरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्य नेतृत्वको टोलीले कर्णाली प्रदेश अस्पताल मा गरेको थियो । रिपोर्टअनुसार मृतकको यौनाङ्ग, हाइमन तथा पाठेघर आसपासका भागमा चोट देखिएको र त्यसबाट अत्यधिक रक्तश्राव भएको पाइएको छ ।



यद्यपि घटनाको वास्तविक कारण भिसेरा परीक्षणपछि मात्र यकिन हुने चिकित्सकहरूले बताएका छन् ।

प्रहरीकाअनुसार घटनास्थलको प्रारम्भिक अनुसन्धानमा पनि इनिसाको शरीरका अन्य भागमा गम्भीर चोट नदेखिएको तर यौनाङ्गबाट बगेको रगत आसपासमा फैलिएको अवस्था भेटिएको थियो ।

घटनास्थलमा झोला, जुत्ता तथा अन्य सामान छुट्टाछुट्टै अवस्थामा भेटिएको बताइएको छ । घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका १६ वर्षीय एक किशोरले इनिसासँग आफूले यौनसम्पर्क राखेको स्वीकार गरे पनि सहमतिमै सम्बन्ध भएको दाबी गरेको प्रहरी स्रोतले जनाएको छ । प्रहरीले उक्त घटनामा अन्य तीन नाबालकलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ ।

गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भएकी इनिसा हाल परिवारसँग वीरेन्द्रनगर-१ मा बस्दै आएकी थिइन् । उनी शनिबार बिहान ट्युसन पढ्न जाने भन्दै घरबाट निस्किएकी थिइन् । पछि वीरेन्द्रनगर-४ स्थित जनजागरण सामुदायिक वन क्षेत्रमा अचेत अवस्थामा भेटिएकी उनलाई अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

घटनाबारे प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको छ । थप अनुसन्धानका लागि नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो को टोली पनि सुर्खेत पुगेको छ । पीडित परिवारले भने घटनामा सामूहिक हत्या भएको दाबी गर्दै निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाहीको माग गरेका छन् । प्रहरीले वैज्ञानिक प्रमाण संकलनका लागि पोलिग्राफ परीक्षण, सीडीआर विश्लेषणलगायतका प्रक्रिया अघि बढाएको जनाएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

दोषीमाथि कारबाही गर

सुर्खेतको गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर-१ मा बस्दै आएकी १६ वर्षीया किशोरी इनिसा विकमाथि भएको बलात्कारपछि हत्या प्रकरणले समाजलाई फेरि एकपटक स्तब्ध बनाएको छ । एक हप्तासम्म पनि घटनाको स्पष्ट सत्यतथ्य सार्वजनिक नहुनु, पोस्टमार्टम रिपोर्ट नआउनु र अनुसन्धानको गति सुस्त देखिनुले पीडित परिवार मात्र होइन, सम्पूर्ण समाजलाई आक्रोशित बनाएको छ । यस्तो जघन्य घटनामा राज्य संयन्त्रको ढिलासुस्तीले न्यायप्रतिको विश्वास कमजोर बनाउने खतरा हुन्छ । पीडित परिवार, आफन्त र अधिकारकर्मीहरू सडकमा उत्रन बाध्य हुनु आफैंमा राज्य संयन्त्रप्रतिको अविश्वासको संकेत हो । सुर्खेतदेखि काठमाडौंसम्म जुलुस, प्रदर्शन र ध्यानाकर्षणपत्र बुझाउने क्रमले जनआक्रोश कति गहिरो छ भन्ने देखाउँछ । दलित समुदायमाथि हुने हिंसा, बलात्कार र हत्या बढ्दै गएको भन्दै उठेका आवाजहरूले यो घटना केवल एउटा परिवारको पीडा मात्र नभई सामाजिक न्यायको प्रश्न बनेको स्पष्ट हुन्छ ।

इनिसा फागुन २३ गते बिहान वीरेन्द्रनगर-४ स्थित शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन् । उनलाई प्रहरीले प्रदेश अस्पताल कालागाउँ पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । मृतकका आफन्तहरूले सामूहिक बलात्कारपछि हत्या भएको भन्दै फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएका छन् । प्रहरीले घटनामा संलग्न भएको आशंकामा चार जना नाबालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जनाएको छ । तर प्रारम्भिक अनुसन्धानले बलात्कारपछि मृत्यु भएको देखिए पनि सामूहिक बलात्कार भएको हो वा होइन भन्ने विषय अझै स्पष्ट छैन । यति गम्भीर घटनामा अझै पोस्टमार्टम रिपोर्ट सार्वजनिक नहुनु र अनुसन्धानबारे पर्याप्त जानकारी नदिनुले शंका र असन्तोष झन् बढाएको छ । सत्य के हो भन्ने कुराको शीघ्र, निष्पक्ष र पारदर्शी छानबिन अपरिहार्य छ । इनिसाको मृत्यु केवल एउटा आपराधिक घटना मात्र होइन, हाम्रो समाजमा अझै जरा गाडेर बसेको महिला हिंसा र सामाजिक विभेदको कठोर उदाहरण पनि हो । 'सरकार बदलियो, समाज बदलिएन' भन्ने प्रदर्शनकारीहरूको नाराले यही पीडादायी यथार्थ झल्काउँछ । कानुन र नीतिका कागजी प्रतिबद्धताभन्दा पनि व्यवहारिक कार्यान्वयन आवश्यक छ । महिलामाथि हुने हिंसा र दलित समुदायमाथिको विभेद रोक्न राज्यले प्रभावकारी कदम चाल्न सकेन भने यस्ता घटनाले समाजलाई बारम्बार झस्काइरहनेछन् ।

सबैभन्दा पीडादायी पक्ष इनिसाको परिवारको अवस्था हो । बिहान ट्युसन पढ्न घरबाट निस्किएकी छोरी रक्ताम्मे अवस्थामा फेला परेको दृश्यले आमाको जीवन नै तहसनहस भएको छ । रोजगारीका लागि विदेशमा रहेका बुवाले छोरीको मृत्युको खबर सुनेर पनि तुरून्त घर फर्किन नसक्नु पीडाको अर्को आयाम हो । यो केवल एक परिवारको दुःख होइन, हाम्रो सामूहिक असफलताको कथा पनि हो । अब राज्यले यो घटनालाई सामान्य आपराधिक घटना ठानेर बेवास्ता गर्न मिल्दैन । अनुसन्धानलाई तीव्र, निष्पक्ष र पारदर्शी बनाउनुपर्छ । दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याई कडा कारबाही गरिनुपर्छ । साथै पीडित परिवारलाई न्यायको अनुभूति गराउने वातावरण निर्माण गर्नु पर्छ । समाजमा शान्ति, सुरक्षा र न्यायको आधार बलियो बनाउने जिम्मेवारी राज्यकै हो । इनिसा विक प्रकरणमा निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाही हुन सकेन भने यसले केवल एक घटनाको न्याय मात्र होइन, समग्र न्याय प्रणालीप्रतिको विश्वासलाई पनि गम्भीर रूपमा प्रभावित गर्नेछ । समयमै सत्य बाहिर ल्याएर दोषीमाथि कारबाही गर्नु राज्यको पहिलो दायित्व हो । त्यसैले सत्यतथ्य जानकारी सार्वजनिक गरी दोषिमाथि कडा भन्दा कडा कारवाही गर । जसले समाजमा फेरी यस्ता क्रुर घटना नघटुन् ।

भारतलाई छिमेक हेर्ने नवीन 'टेम्प्लेट' आवश्यक छ



✍ रञ्जित रे

> "यो निर्वाचन पहिलो पटक नेपालको 'फल्ट लाइन' का रूपमा रहेको पहाडी-मधेसीबिचको पहिचानको राजनीति भन्दा माथि उठेर सम्पन्न हुँदैछ । यसका अलावा चुनावमा कुनै पनि 'वाद' वा विचारधाराको आधारमा पनि प्रतिस्पर्धा भएको छैन ।"

राष्ट्रिय स्वतन्त्र पार्टी दुई तिहाइ बहुमतको सन्निकटमा पुगे सँगै नेपालको राजनीतिक क्षेत्रमा धेरै ठुलो भुईंचालो गएको छ । मतगणनामा देखिएको प्रवृत्ति अनुसार रास्वपाले १ सय ६५ क्षेत्रमा भएको पहिलो हुनेले जित्ने तर्फको संसदीय निर्वाचनमा करिब १ सय २५ क्षेत्रमा विजय हासिल गर्ने पक्का भएको छ ।

१ सय १० सिट रहेको समानुपातिक तर्फ पनि यही ढङ्गले मत आउने हो भने रास्वपाले करिब दुई तिहाइ बहुमत ल्याउने अवस्था देखिन्छ । दशकौंदेखि नेपाली राजनीतिमा प्रभावशाली रहँदै आएका नेपाली कांग्रेस, नेकपा (एमाले) तथा माओवादीहरू (नेकपा) आफ्नो शक्तिमा उल्लेखनीय कमी आएको अनुभव गर्दैछन् ।

करिब ४ वर्ष अघि मात्रै त्यसबेलाका चर्चित टेलिभिजन प्रस्तोता रवि लामिछानेले खोलेको रास्वपाका लागि भने सफलताको असाधारण कथा रचना भएको छ । त्यस पार्टीले अहिलेसम्म नेपालको शक्ति करिडोरमा 'आउटसाइडर' ठानिएका काठमाडौंका पूर्व मेयर, च्यापर एवं इन्जिनियर बालेन्द्र शाहको युवा तथा आकर्षक छविलाई प्रधानमन्त्रीका रूपमा उठाएर भरपुर फाइदा लिएको छ ।

भर्खरै सम्पन्न आम निर्वाचन गत वर्षको सेप्टेम्बर महिनामा भएको जेनजी आन्दोलनको पृष्ठभूमिमा भएको थियो । उक्त ऐतिहासिक परिघटनाले विद्यमान राजनीतिक नेतृत्व, भ्रष्टाचार र कुशासनका विरुद्धमा युवाहरूको निराशा र आक्रोशलाई छरपस्ट रूपमा उजागर गरिदिएको थियो ।

यो निर्वाचन पहिलो पटक नेपालको 'फल्ट लाइन' का रूपमा रहेको पहाडी-मधेसीबिचको पहिचानको राजनीति भन्दा माथि उठेर सम्पन्न हुँदैछ । यसका अलावा चुनावमा कुनै पनि 'वाद' वा विचारधाराको आधारमा पनि प्रतिस्पर्धा भएको छैन ।

नेपाल जस्तो औसत उमेर नै २५ वर्ष भएको देशमा, जहाँका करिब एक तिहाइ हाराहारी जनसङ्ख्या नै जीविकोपार्जनको खोजीमा विदेशमा पुगेको छ, त्यहाँका युवाहरू पुरानो पुस्ताका नेताहरू एवं उनीहरूको रवैयासँग वाक्क भइसकेका थिए । ती नेताहरूले नेपालको राजनीतिलाई पालैपालो मिलेमतोमा सञ्चालन गर्दै आएका थिए ।

युवाहरूको आकाङ्क्षासँग टाढिँदै गएको तथा दम्भी व्यवहार बढ्दै गएको सरकारसँग युवाहरू चिढिँदै गएका थिए । यसैबिच विरोधको तत्कालीन कारकका रूपमा त्यस समय बहाल रहेको ओली सरकारले नेपालमा लोकप्रिय रहेका विभिन्न सामाजिक सञ्जालहरूमा लगाएको प्रतिबन्धले मुख्य भूमिका खेल्यो । त्यही आन्दोलन पश्चात् गठित सरकारले सम्पन्न गरेको यो निर्वाचनमार्फत पुरानो शैलीको राजनीति पूर्ण रूपमा अस्वीकृत भएको छ ।

यो निर्वाचन पहिलो पटक नेपालको 'फल्ट लाइन' का रूपमा रहेको पहाडी-मधेसीबिचको पहिचानको राजनीति भन्दा माथि उठेर सम्पन्न हुँदैछ । यसका अलावा चुनावमा कुनै पनि 'वाद' वा विचारधाराको आधारमा पनि प्रतिस्पर्धा भएको छैन । साथै गणतन्त्र भर्सेज राजतन्त्र वा हिन्दु भर्सेज धर्मनिरपेक्षको चर्चा पनि भएको छैन ।

भारतको दृष्टिकोणबाट हेर्दा धेरै वर्षपछि नेपालको चुनाव भारत वा भारत विरोधी राष्ट्रवादलाई चुनावी मुद्दा नबनाई सम्पन्न भएको छ । विगतका चुनावमा नेकपा (एमाले) का नेता केपी शर्मा ओलीले भारत विरोधी भाष्यको आडमा आफूलाई विजयी गराउने गरेका थिए । यो निर्वाचन बरु परिवर्तन तथा नयाँ, शिक्षित, प्रगतिशील, प्रविधि मैत्री एवं युवा उम्मेदवारहरूलाई देशको नेतृत्व दिलाउँदै आर्थिक समृद्धिको मार्गमा जाने विषयमा केन्द्रित रह्यो ।

मधेसी बाबुका छोरा तथा काठमाडौंलाई आफ्नो कर्मभूमि बनाएका बालेन्द्र शाहको रूपमा रास्वपाले यस्तो नेतृत्व फेला पाऱ्यो जसले पहाड-मधेसको विभाजन मेट्न तथा सिङ्गै देशको काल्पनिकीलाई आत्मसाथ गर्न सक्थ्यो । निश्चय पनि अहिले नै नेपालको राजनीतिका 'फल्ट लाइन'हरू मेटिइसके भन्ने त होइन तर यस चुनावमा तिनीहरूको महत्व भने स्वाट्टै घटेको छ ।

नेपालमा कम्युनिस्टहरूले निर्वाचनमा कमजोर प्रदर्शन गरेका छन्, जुन भारतको दृष्टिमा सुखद खबर हो । परम्परागत रूपमा नेपालका कम्युनिस्ट तथा राजावादीहरू भारत विरोधी बयानबाजी गर्ने गर्थे ।

अब रास्वपाको तत्कालको काम सरकार निर्माण गर्नु हो । त्यसपछि उनीहरू जेनजी आन्दोलनका मुख्य मागहरू पुरा गर्न लागि हाल्नु पर्नेछ । जस अन्तर्गत निर्दोष युवाहरूको हत्या गर्ने दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनु पनि पर्छ । सन् २०१५ मा जारी भएको नेपालको संविधानका केही पक्षलाई नवीन दृष्टिले हेर्नुपर्ने मागहरू पनि छन् ।

उक्त संविधान नेपालको विविधतापूर्ण समाजमा विद्यमान विपरीत स्वार्थहरूको सम्झौताको दस्ताबेजका रूपमा रहेको छ । साथै नवगठित सरकारले अल्प तथा मध्यकालीन अवधिमा नेपालको अर्थतन्त्रलाई गति दिने आर्थिक नीतिहरू पनि घोषणा गर्नुपर्ने छ । भनी रहनु परेन नेपालको अर्थतन्त्र यसअघि नै दबाबमा छ ।

नेपालमा कम्युनिस्टहरूले निर्वाचनमा कमजोर प्रदर्शन गरेका छन्, जुन भारतको दृष्टिमा सुखद खबर हो । परम्परागत रूपमा नेपालका कम्युनिस्ट तथा राजावादीहरू भारत विरोधी बयानबाजी गर्ने गर्थे । भारतले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकारको सुरुमै समर्थन गरेको थियो ।

केही परम्परागत दलहरूको सुरुवाती विरोधका बाबजुद उनको सरकारले स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि असाधारण भूमिका निर्वाह गरेको छ । भारतले नेपालको निर्वाचन सम्पन्न गर्नका लागि उल्लेख्य मात्रामा बन्दोबस्तीका सामानहरू पनि उपलब्ध गराएको थियो ।

चीनका लागि नेपालमा नयाँ शक्तिहरूको उदय सशक्त र एकीकृत कम्युनिस्ट पार्टी निर्माणको प्रयासमा यो एक प्रकारको धक्का हो । अब पूर्ववर्ती सरकारहरूले लागु गराएका 'बेल्ट एन्ड रोड इनिसिएटिभ' अन्तर्गतका केही निरर्थक परियोजनाहरूबारे समीक्षा पनि हुनसक्छ ।

परम्परागत पार्टीहरू भन्दा पृथक् रास्वपा भारत तथा त्यहाँको राजनीतिक वर्गमा राम्रोसँग परिचित छैन । बालेन्द्र शाह लगायत थोरै नवयुवा नेताहरू बाहेक रास्वपामा प्रायः भारतमा पढेका नेता छैनन् । बरु केही नेताहरू पश्चिमा मुलुकमा पढेका छन् । त्यस्ता नेताहरू प्रायः 'टेक्नोक्र्याटिक' छन्, जो राजनीतिमा आउनु अघि आफ्नो सम्बन्धित विषयगत क्षेत्रमा धेरै राम्रो काम गरिरहेका थिए ।

आगामी दिनमा भारतले नेपालको नेतृत्व विचारधारामा आधारित भन्दा पनि व्यवहारिक (प्राग्मेटिक) भएको पाउनेछ । नयाँ शासकका रूपमा उनीहरू आफूलाई स्पष्ट रूपमा आफ्ना पूर्ववर्तीहरूको तुलनामा फरक देखाउन प्रयत्न गर्नेछन् । साथै जनताको खासगरी युवाहरूको आकाङ्क्षा पुरा गर्न आफू थप उन्नत र असल भएको प्रमाणित गर्ने प्रयास गर्नेछन् ।

उनीहरूको मूल ध्यान विगतमा दुई मुलुकलाई विभाजित गर्ने राजनीतिक मुद्दाहरूमा भन्दा विकासमा सहकार्य तथा सहयोगमा हुने आशा गर्न सकिन्छ ।

चीनका लागि नेपालमा नयाँ शक्तिहरूको उदय सशक्त र एकीकृत कम्युनिस्ट पार्टी निर्माणको प्रयासमा यो एक प्रकारको धक्का हो । अब पूर्ववर्ती सरकारहरूले लागु गराएका 'बेल्ट एन्ड रोड इनिसिएटिभ' अन्तर्गतका केही निरर्थक परियोजनाहरूबारे समीक्षा पनि हुनसक्छ ।

यद्यपि नयाँ सरकार चीनसँगको सम्बन्ध यथास्तरमै कायम राख्न भने सचेत रहनेछ । रास्वपाका केही नेताहरू अमेरिकामा अध्ययन तथा काम गरेका नेताहरू भएको हुनाले रास्वपाको अगुवाइमा नेपालमा विकसित घटनाक्रमले अमेरिका पनि खुसी हुनेछ ।

'यूएसएआईडी' बन्द भए पश्चात् नेपालमा अमेरिकी पहुँच उल्लेख्य रूपमा प्रभावित भएको अवस्थामा पनि अमेरिकी प्रायोजनमा रहेको 'मिलेनियम च्यालेन्ज कर्पोरेसन' अन्तर्गतका सडक निर्माण तथा विद्युतीय प्रसारण लाइन निर्माणका कामहरू निरन्तर हुन सक्छन् ।

छिमेकमा पछिल्लो समय विकसित घटनाक्रमहरूको परिप्रेक्ष्यमा भारतलाई नवीन दृष्टिकोण एवं 'टेम्प्लेट' आवश्यक छ । माल्दिभ्स, श्रीलंका, बंगलादेश र अहिले नेपालमा नाटकीय परिवर्तनहरू देखा परेका छन् । यी घटनाक्रमलाई केवल बढ्दो वैश्विक उथलपुथलसँग मात्रै जोडेर हेर्नु हुँदैन ।

ती परिवर्तनहरूले अधैर्य, महत्त्वाकाङ्क्षी, डिजिटल रूपमा आपसमा जोडिएको, सचेत एवं व्यापक एजेन्सीसहितको नयाँ पुस्ताको तागत देखाइरहेका छन् । उनीहरू थप लोकतन्त्र चाहन्छन् । आफ्ना आकाङ्क्षा र व्यापक अवसरहरूबारे जिम्मेवार नेतृत्व चाहन्छन् । उनीहरू आफ्नो अवस्था र निरन्तर प्रगति गरिरहेका अन्य मुलुकहरूबिचको भिन्नता औंल्याइरहेका छन् । साथै आफ्ना नेता र राजनीतिक प्रक्रियामा प्रश्न गर्दैछन् ।

भारतले आफ्नो 'छिमेक पहिलो नीति' को मुख्य केन्द्रबिन्दुमा युवाहरूलाई राख्न आवश्यक छ । निश्चय पनि हाम्रा सम्बन्धका आधारशिलाको रूपमा ऐतिहासिक र सांस्कृतिक सम्बन्धहरू नै हुन । साथै आगामी दिनमा हेर्दा अब हाम्रो सम्बन्धको सबैभन्दा महत्त्वपूर्ण स्तम्भ आर्थिक पाटो हुनुपर्ने देखिन्छ ।

(लेखक नेपालका लागि भारतका पूर्व राजदूत हुन् ।)

जीवनशैली

बिना खर्च बनाउनुहोस् फेसवास, ऐनाजस्तै टल्किनेछ अनुहार

स्किन केयरको पहिलो चरण क्लेन्जिङ हो । यसका लागि बजारमा विभिन्न प्रकारका क्लेन्जर र फेस वास पाइन्छन् । तर यी उत्पादन महँगा मात्र नभइ रासायनिक तत्त्वयुक्त पनि हुन्छन् ।

सुखद पक्ष के हो भने हाम्रो भान्सामै यस्ता धेरै सामग्री उपलब्ध छन्, जसबाट सजिलै घरमै फेस वास बनाउन सकिन्छ ।

यो घरेलु फेस वासले छालालाई गहिरोसम्म सफा गर्छ र पिम्पल्स, अतिरिक्त तेल तथा निस्तेजपनको समस्याबाट राहत दिन सहयोग पुऱ्याउँछ ।

फेस वास बनाउन आवश्यक सामग्री

२ चम्चा बेसन
१ चम्चा कस्तुरी बेसार
२ चम्चा चन्दन पाउडर
१ चम्चा मुल्तानी माटो
१ चम्चा चामलको पीठो
एउटा एयरटाइट कन्टेनर

फेस वास बनाउने तरिका

सबै सामग्रीलाई एउटै भाँडोमा राखेर राम्रोसँग मिसाउनुहोस् । प्रयोगका लागि २ चम्चा मिश्रणमा गुलाबजल मिसाएर पेस्ट तयार गर्नुहोस् । छाला सुख्खा छ भने गुलाबजलको सट्टा दूध वा मह मिसाउन सकिन्छ । तयार पेस्ट अनुहारमा १०-१५ मिनेटसम्म लगाएर राख्नुहोस् र त्यसपछि चिसो पानीले अनुहार धुनुहोस् ।

फेस वासका फाइदा

घरमै बनाइएको यो फेस वास छालाका लागि बहुउपयोगी छ । बेसनले अनुहारको फोहोर, पसिना र अतिरिक्त तेल हटाएर छालालाई गहिरोसम्म सफा गर्छ र मृत कोष हटाउन मद्दत गर्छ । कस्तुरी बेसारमा रहेका एन्टिब्याक्टेरियल गुणले पिम्पल्स र डन्डीफोर कम गर्न सहयोग गर्नुका साथै छालालाई सफा र चम्किलो बनाउँछ । चन्दन पाउडरले छालालाई शीतलता प्रदान गर्छ, जलन र रातोपन घटाउँछ र प्राकृतिक चमक ल्याउन मद्दत गर्छ ।

मुल्तानी माटोले पोर्स सफा गरी अतिरिक्त तेल नियन्त्रण गर्छ । यसले तेलीय तथा पिम्पल (प्रोन छालालाई लाभ पुऱ्याउँछ चामलको पीठोले छालालाई प्राकृतिक रूपमा एक्सफोलिएट गरी ट्यानिङ कम गर्छ र रंगत निखार्न सहयोग गर्छ । यी सबै सामग्रीबाट बनेको फेस वासले छालालाई सफा, मुलायम र स्वस्थ राख्न मद्दत गर्छ ।

ध्यान दिनुपर्ने कुरा

पहिलो पटक प्रयोग गर्नु अघि प्याच टेस्ट अवश्य गर्नुहोस् । राम्रो परिणामका लागि दिनमा दुई पटक–एकपटक बिहान र अर्को पटक राति सुत्नुअघि–प्रयोग गर्नु उपयुक्त हुन्छ । नियमित प्रयोगले अनुहारका दाग-धब्बा कम गर्न र प्राकृतिक चमक बढाउन सहयोग पुऱ्याउँछ ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश, नेपाल

सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मितिः २०८२/११/२९)

यस कार्यालयबाट विभिन्न मितिमा प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश भएका सिलवन्दी दरभाउ पत्रको प्राविधिक तथा आर्थिक मूल्यांङ्कन पश्चात तपसिल बमोजिमका प्रस्तावहरू सारभूत रूपमा प्रभावग्राही तथा न्यूनतम मूल्याङ्कित रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० बमोजिम स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

क्र. सं.	ठेक्का नं.	कामको नाम	वोलपत्र दाताको नाम र ठेगाना	मू.अ.क र पिएस वाहेकको कवोल अंक
1.	BAKUNAPA/SQ/WORKS-32-2082/83	Construction of Gara Ukheta Pipaltakura Jairu Road	SiddhaKali Baan Nirman Sewa, Salyan	७,७४,६००।००
2.	BAKUNAPA/SQ/WORKS-35-2082/83	Construction of Kafalneti-Bhadale-Durumkhola Road (Bhadale to Durumkhola Road)	S.R Consturction, Salyan	१२,२९,३४०।००
3.	BAKUNAPA/SQ/WORKS-36-2082/83	Construction of Majhakada Sisaneta Road	S.R Consturction, Salyan	११,६५,२५५।५०
4.	BAKUNAPA/SQ/GOODS-38-2082/83	Procurement Supply and Delivery Of Classroom Management Items.	Aditya suppliers,Nepalgunj - 13, Banke	११,१७,४२२।००

प्रमुख प्रशासकिय अधिकृत

लुम्बिनीमा समानुपातिकतर्फ रास्वपा पहिलो दल

काँक्रेविहार संवाददाता
बुटवल, २८ फागुन

प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत लुम्बिनी प्रदेशमा समानुपातिक प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सर्वाधिक मत प्राप्त गर्ने दल बनेको छ।

प्रदेशका १२ जिल्लाको मतपरिणामअनुसार रास्वपा पहिलो स्थानमा रहँदा नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो, नेकपा चौथो, राप्रपा पाँचौं तथा श्रम संस्कृति पार्टी छैटौं स्थानमा रहेका छन्। लुम्बिनी प्रदेशमा कुल २६ निर्वाचन क्षेत्र छन्। तीमध्ये २१ क्षेत्रमा रास्वपाले अग्रता हासिल गरेको छ भने नेपाली कांग्रेस र नेकपाले दुई-दुई क्षेत्रमा तथा एमालेले एक क्षेत्रमा पहिलो स्थान हासिल गरेका छन्।

रोल्पा र रुकुमपूर्वमा भने नेकपा पहिलो दल बनेको छ भने अन्य जिल्लामा रास्वपा अग्रस्थानमा देखिएको छ। समानुपातिकतर्फ प्रदेशभर रास्वपाले नौ लाख २८ हजार ३५२ मत प्राप्त गरेको छ।

दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले तीन लाख पाँच हजार ६८९ मत पाएको छ भने एमालेले दुई लाख ९६ हजार ५१३ मत प्राप्त गरेको छ। नेकपाले एक लाख ५७ हजार ९७१ मत ल्याएको छ। यस्तै राप्रपाले ८० हजार तीन र श्रम संस्कृति पार्टीले २३ हजार ५०३ मत पाएका छन्। जिल्लागत विवरणअनुसार रुपन्देहीमा रास्वपाले दुई लाख ४२ हजार ४०२ मत प्राप्त गरेको छ। यहाँ कांग्रेसले ५१ हजार ९४९, एमालेले ५१ हजार ५९६, राप्रपाले २८ हजार ३०३, नेकपाले ११ हजार ३४८ र श्रम संस्कृति पार्टीले आठ हजार ३५६ मत प्राप्त गरेका छन्।

गुल्मीमा रास्वपाले ५२ हजार ५२ मत ल्याएको छ भने एमालेले २८ हजार ९०५ र कांग्रेसले २५ हजार ५५२ मत पाएका छन्। अर्घाखाँचीमा रास्वपाले ३९ हजार ८५ मत ल्याएको छ भने एमालेले २० हजार ४५१ र कांग्रेसले १७ हजार ६८१ मत प्राप्त गरेका छन्। पश्चिम नवलपरासीमा रास्वपाले ९५ हजार ९७९ मत ल्याएको छ भने कांग्रेसले २० हजार ३३४ र एमालेले १० हजार ७७४ मत प्राप्त गरेका छन्।

पाल्पामा रास्वपाले ५० हजार ४५२ मत ल्याउँदा एमालेले २४ हजार ९३७ र कांग्रेसले २४ हजार ६ मत प्राप्त गरेका छन्। कपिलवस्तुमा रास्वपाले एक लाख ५४९ मत ल्याएको छ भने कांग्रेसले ४६ हजार ३९१ र एमालेले २५ हजार ६२० मत पाएका छन्। प्युठानमा रास्वपाले ३० हजार ७५२ मत प्राप्त गरेको छ भने एमालेले १६ हजार १९५ र कांग्रेसले १५ हजार २२६ मत पाएका छन्। रोल्पामा नेकपाले २५ हजार ६२ मत ल्याउँदै पहिलो स्थान हासिल गरेको छ भने रास्वपाले १३ हजार ६३८ मत प्राप्त गरेको छ।

रुकुमपूर्वमा पनि नेकपा पहिलो दल बनेको छ, जहाँ उसले नौ हजार ४४३ मत प्राप्त गरेको छ। दाङमा रास्वपाले एक लाख ३१ हजार एक मत ल्याएको छ भने कांग्रेसले ४१ हजार ४४८ र एमालेले ३३ हजार ३५५ मत प्राप्त गरेका छन्। बर्दियामा रास्वपाले ८० हजार ४४३ मत ल्याएको छ भने कांग्रेसले ३१ हजार ६७७ मत प्राप्त गरेको छ।

त्यसैगरी बाँकेमा रास्वपाले ९० हजार २९ मत ल्याउँदै पहिलो स्थानमा रहँदा एमालेले ४७ हजार १०२ र कांग्रेसले ४० हजार ५६ मत प्राप्त गरेका छन्।

स्थानीयले रास्वपाका नेतालाई बुझाए १० बुँदे ज्ञापनपत्र



काँक्रेविहार संवाददाता
दार्चुला २८ फागुन

दार्चुलाको नौगाड गाउँपालिका-१ नागुका स्थानीयले विकाससम्बन्धी विभिन्न माग राख्दै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार राजेशसिंह सामन्तलाई १० बुँदे ज्ञापनपत्र बुझाएका छन्। प्रतिनिधि सभा निर्वाचनमा मतदान बहिष्कार गरेका स्थानीयले आफ्नो क्षेत्रको आधारभूत विकासका विषयमा ध्यानाकर्षण गराउन उक्त ज्ञापनपत्र बुझाएका हुन्। प्रतिनिधि सभा सदस्यमा पराजित भएका सामन्त मङ्गलबार नागु पुगेका थिए। सो अवसरमा स्थानीयवासीले विकास निर्माणका प्राथमिकतामा रहेका योजनाहरू कार्यान्वयन गर्न माग गर्दै संघर्ष समितिमार्फत ज्ञापनपत्र हस्तान्तरण गरेका हुन्। स्थानीय नरेन्द्रबहादुर बमका अनुसार मतदान बहिष्कार निर्वाचनको विरोध नभई नागु क्षेत्रको विकासका लागि राज्यको ध्यानाकर्षण गराउने उद्देश्यले गरिएको हो।

ज्ञापनपत्रमा दल्लेख-नागु-सिना सडक खण्ड निर्माण, नागुमा वडा स्थापना, गोफागाड, मल्लोगोफा खोला, भट्टेधार खोला र दह खोला क्षेत्रमा झोलुङ्गे तथा ट्रस पुल निर्माण, नागेश्वर ज्योतिर्लिङ्ग धामको राष्ट्रियकरण, विद्यालयका भौतिक संरचना सुधार तथा स्थायी शिक्षक व्यवस्थाको माग गरिएको छ। त्यस्तै टेलिफोन टावर स्थापना, घोरेटो बाटो निर्माण, आवश्यक स्थानमा रेलिङ जडान, विद्युत् विस्तार, थाम टोलमा खानेपानी योजना सञ्चालन तथा खाद्य डिपो स्थापना गर्नुपर्ने माग पनि उल्लेख गरिएको छ।

ज्ञापनपत्र बुझ्दै रास्वपाका सभापति तथा उम्मेदवार सामन्तले स्थानीयका माग सम्बोधन गर्न सबै राजनीतिक दल तथा निर्वाचित प्रतिनिधिहरू मिलेर पहल गर्नुपर्ने बताए। निर्माणाधीन योजनाहरू समयमै सम्पन्न गर्न पार्टीमार्फत केन्द्र सरकारमा पहल गर्ने प्रतिबद्धता पनि उनले जनाए। स्थानीय ठगेन्द्र जुहारीका अनुसार सामन्तले अधुरा तथा रोकिएका परियोजनाहरू पूरा गराउन निरन्तर पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। नागु भ्रमणपछि सामन्तले अपि हिमाल गाउँपालिका-३ र व्यास गाउँपालिका २ का स्थानीयसँग पनि भेटघाट गरी उनीहरूको समस्या तथा माग लिएर काठमाडौं जाने तयारी गरेको बताइएको छ।

नेपाल सरकार
मालपोत कार्यालय, सुर्खेत

मालपोत कार्यालय सुर्खेतबाट जारी भएको मोहि हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला सुर्खेत पञ्चपुरी नगरपालिका वडा नं. ९ बस्ने मोतिलाल घिमिरेको नाति रामप्रसाद घिमिरेको छोरा नन्दलाल घिमिरेले मेरो नाममा तपसिलमा उल्लेखित बमोजिमका जग्गामा मोठ तथा कम्प्युटर फाँटको अभिलेख अनुसार सिद्धि प्रसाद घिमिरे-१, पदमलाल घिमिरे-१, छविलाल घिमिरे-१, हरिलाल घिमिरे-१, कविराम अधिकारी-१ र हरिलाल-१ समेत ६ जना श्रेस्ता र पुर्जामा मोहि कायम भएको र विपक्षि मोहिले हाल उक्त जग्गामा जोत भोक नगरेका र बाली कुत समेत नबुझाएकाले भूमि सम्बन्धी ऐन २०२१ को दफा २६ (१) ग बमोजिम मोहि लगत कट्टा गरी पाउँ भन्ने व्यहोराको पर्न आएको फिराद पत्र। यसमा माथि उल्लेखित कित्ता जग्गाको मोहि हकवाला भए आफूसँग भएको मोहि हक सम्बन्धी प्रमाणपत्र लिई यो सूचना प्रकाशन भएको मितिले बाटको म्याद बाहेक ३५ दिन भित्र हकदाबी गर्न आउनु होला अन्यथा भूमि सम्बन्धी ऐन २०२१ को दफा २६ (१) ग बमोजिम मोहि लगत कट्टा भई जाने व्यहोरा जानकारी गराइन्छ।

तपसिल

गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल	दर्तावालाको नाम	कैफियत
छाप्रे	१ च	७८	७-०-०-०	नन्दलाल घिमिरे	

बजेट अभावले पुलको काम ठप्प

काँक्रेविहार संवाददाता
टिकापुर, २८ फागुन

कैलालीको जोशीपुर गाउँपालिका-४ हस्नापुरस्थित घैलानालामा निर्माणाधीन पुल बजेट अभावका कारण रोकिएको छ। हालसम्म पुलका तीन वटा पिल्लरको फाउन्डेसन मात्र तयार भएको छ भने बाँकी काम अघि बढ्न सकेको छैन।

ठेक्का सम्झौताअनुसार पिल्लर उठाएर ढलान गर्ने र पुलका दुवै किनारमा तटबन्ध निर्माण गर्ने योजना रहेको छ। दैनिक हजारौँ मानिस आवतजावत गर्ने जोशीपुर-भजनी सडकमा रहेको पुरानो पुल भत्काएर नयाँ पुल निर्माण सुरु गरिएको थियो। स्थानीय रामबहादुर चौधरीका अनुसार पर्याप्त बजेट सुनिश्चित भएपछि मात्रै पुरानो पुल भत्काउन दिन आग्रह गरिएको भए पनि काम अधुरै छोडिएको छ। उनले निर्माण कार्य लापर्बाहीपूर्ण तरिकाले रोकिएको गुनासो गरे।

अर्का स्थानीय दिलमाया चौधरीका अनुसार वैकल्पिक मार्गको उचित व्यवस्था नभएकाले सर्वसाधारणले चार



किलोमिटर भन्दा बढी दूरी घुमेर यात्रा गर्नुपर्ने अवस्था आएको छ।

यसले विशेषगरी विद्यालय जाने बालबालिका र ज्येष्ठ नागरिकलाई धेरै समस्या भएको उनले बताए। पुल नजिकै बसोबास गर्ने बालकृष्ण चौधरीले पुलको किनार भत्काइसकेकाले समयमा निर्माण सम्पन्न नभए आफ्नो घर जोखिममा पर्न सक्ने चिन्ता व्यक्त गरे

करिब दुई करोड रुपैयाँ लागतमा साढे एक वर्षभित्र काम सम्पन्न गर्ने गरी पुल निर्माणको ठेक्का गरिएको थियो। तर पुलको फाउन्डेसन तयार गरेपछि छुट्याइएको बजेट सकिएको बताइएको
छ।

सुदूरपश्चिम प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालयबाट ठेक्का लिएका निर्माण व्यवसायी एकेन्द्र मल्लका अनुसार ठेक्का सम्झौता दुई करोड रुपैयाँको भए पनि हालसम्म विनियोजन भएको ५० लाख रुपैयाँ बराबरको काम सम्पन्न भएको
छ।

थप बजेट नआएपछि काम रोकिएको उनले बताए। कैलालीका बर्दगोरिया गाउँपालिका, लम्कीचुहा नगरपालिका, टीकापुर नगरपालिका र जोशीपुर गाउँपालिकाका माथिल्लो भेगबाट तल्लो क्षेत्रमा तथा भजनी नगरपालिका जाने सर्वसाधारण यही सडक प्रयोग गर्छन्। स्थानीयका अनुसार अहिले वैकल्पिक बाटो भए पनि वर्षायाममा पुल निर्माण नटुंगिए ठूलो समस्या हुने चिन्ता बढेको छ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना

सूचना नं. ०२/२०८२/०८३
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।११।२८)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाई तथा स्वच्छता, खानेपानी, सिचाईं र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्य गर्न ठाटीकाँध गाउँपालिकामा परियोजना कार्यान्वयन इकाईमा रहेर कामकाज गर्न तपसिल अनुसारको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट निम्न पदहरूको लागि रीतपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- नागरिकता, शैक्षिक प्रमाणपत्र, तालिम सम्बन्धी प्रमाणपत्र तथा कार्यानुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपी
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

तपसिलः

क) आवश्यक पदहरू र न्यूनतम योग्यता:

वि.नं.	पद	तह/संख्या	कार्यस्थल	न्युनतम शैक्षिक योग्यता तथा कार्य अनुभव
०४—२०८२/०८३	जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत	अधिकृतस्तर छैटौं तह/पदसंख्या १(एक) जना	गाउँ कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त।
०५—२०८२/०८३	सब-ईन्जिनियर	सहायकस्तर पाँचौ तह/१ (एक) जना	गाउँ कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त।
०६—२०८२/०८३	जलस्रोत प्राविधिक	सहायकस्तर चौथो तह/पदसंख्या १(एक) जना (आवश्यकताका आधारमा थप गर्न पनि सकिने)	वडा कार्यालय वा योजना क्षेत्र	सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस.इ.इ./एस.एल.सी. वा मान्यता प्राप्त शैक्षिक संस्था र परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे. तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव।
०७—२०८२/०८३	सामाजिक परिचालक	सहायकस्तर चौथो तह/पदसंख्या १(एक)जना (आवश्यकताका आधारमा थप गर्न पनि सकिने)	वडा कार्यालय वा योजना क्षेत्र	एस.इ.इ./एस.एल.सी. वा सो सरह/ खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन, योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव।

ख) अन्य विवरण:

- पहिलो पटक सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेखमा कार्यालय समयभित्र बुझाउनु पर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू परियोजना कार्य अवधिको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ।
- स्थानीय व्यक्तिहरू, महिला, दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका ठाटीकाँध गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- विज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न ठाटीकाँध गाउँपालिकाको वेभ पेज www.thatikandhmun.gov.np र LACC परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचा बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु. १०००।—(अक्षरेपि एक हजार मात्र), सहायक पाँचौस्तरको लागि रु. ५००।—(अक्षरेपि पाँचसय मात्र) र सहायक चौथोको लागि रु. ३००।—(अक्षरेपि तीनसय मात्र)। दरखास्त दस्तुर ठाटीकाँध गाउँपालिकाको आन्तरिक खाता नं. २७३०२४८८८५५००००८ मा बैंक दाखिला गरी सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।

शैक्षिक सत्र सुरु भएसँगै विद्यार्थीका हातमा पुग्यो पाठ्यपुस्तक



काँक्रेविहार संवाददाता
हुम्ला, २८ फागुन

हिमाली जिल्ला हुम्लाका अधिकांश सामुदायिक विद्यालयमा नयाँ शैक्षिक सत्र सुरु भएकै दिन विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गरेका छन्। समयमै पाठ्यपुस्तक ढुवानी भएर गाउँपालिकासम्म पुगेपछि विद्यालय खुल्नेबित्तिकै विद्यार्थीलाई वितरण गरिएको हो।

हिउँदे बिदा तथा भर्ना अभियानपछि विद्यालय सञ्चालन हुँदा अधिकांश कक्षाका विद्यार्थीले पाठ्यपुस्तक पाएको बालमन्दिर माध्यमिक विद्यालयका प्रधानाध्यापक कैलाश रोकायाले जानकारी दिए उनका अनुसार कक्षा ९ र १० का केही विद्यार्थीलाई भने पुस्तक पुग्न बाँकी छ।

ती पुस्तक सुर्खेतबाट अर्डर गरिएको र केही दिनभित्र विद्यालयमा पुग्ने अपेक्षा गरिएको छ। सिमकोट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख कृष्णप्रसाद आचार्यले केही अपुगबाहेक अधिकांश विद्यालयका विद्यार्थीले पाठ्यपुस्तक पाएर पठनपाठन सुरु भइसकेको बताए। सिमकोट गाउँपालिकामा २१ वटा सामुदायिक विद्यालय रहेका छन्। त्यस्तै ताँजाकोट गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख जयरुद्र ढकालका अनुसार यस शैक्षिक सत्रका लागि आवश्यक सबै पाठ्यपुस्तक गाउँपालिकामा पुगेका छन्। उनले १६ वटै विद्यालयका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण सम्पन्न भइसकेको र पठनपाठन सुरु भएको जानकारी दिए। शिक्षा विकास तथा समन्वय इकाइ हुम्लाकी प्रमुख सविता उपाध्यायका अनुसार जिल्लाका सातवटै गाउँपालिकाका १४१ विद्यालयका लागि पाठ्यपुस्तक उपलब्ध गराइएको छ।

शैक्षिक सत्र सुरु भएकै दिन विद्यार्थीका हातमा पाठ्यपुस्तक पुग्नु जिल्लामा पहिलो पटक भएको हुन सक्ने उनले बताएए । यद्यपि नाम्खा गाउँपालिकाको चाला र लिमीस्थित सुनखानी प्राथमिक विद्यालयमा भने अझै पाठ्यपुस्तक पुग्न सकेको छैन। हुम्ला जिल्लामा प्राथमिक, आधारभूत र माध्यमिक तहमा गरी करिब १७ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

शिक्षाको आकर्षक गन्तव्य बन्दै, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

काँक्रेविहार संवाददाता
जुम्ला, २८ फागुन

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पछिल्लो समय स्वास्थ्य सेवा मात्र नभई चिकित्सा शिक्षा अध्ययनको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको छ। अहिले प्रतिष्ठानमा देशका विभिन्न क्षेत्रका साथै विदेशबाट समेत विद्यार्थी अध्ययनका लागि आउन थालेका छन्। देशका सुविधासम्पन्न सहर छाडेर पनि विद्यार्थी जुम्लामा चिकित्सा शिक्षा अध्ययन गर्न आउने क्रम बढ्दै गएको छ। हाल नेपालका मात्र नभई छिमेकी राष्ट्र भारतबाट पनि विद्यार्थी जुम्ला पुगेर डाक्टरी अध्ययन गरिरहेका छन्।

प्रतिष्ठानको शैक्षिक सत्र २०८२ का लागि भारतका पाँच जनासहित देशभरका गरी १ सय ३० जना विद्यार्थी विभिन्न विषय अध्ययनका लागि जुम्ला आएका छन्। प्रतिष्ठानका शिक्षाध्यक्ष डा. डबलबहादुर धामीका अनुसार एमबिबिएसमा ५० जना, नर्सिङमा २० जना, बिएनएसमा २० जना, बिपिएचमा २० जना, बिएससी नर्सिङमा २० जना र बी फार्मामा २० जना विद्यार्थी भर्ना भएका छन्।



सीमित स्रोतसाधन र चुनौतीका बाबजुद पनि जुम्ला चिकित्सा शिक्षा अध्ययनका लागि आकर्षक गन्तव्य बन्नु गौरवको विषय भएको उनले बताए। गत वर्ष प्रतिष्ठानका विभिन्न सङ्कायमा १ सय ४ जना नयाँ विद्यार्थी भर्ना भएका थिए। यस वर्ष थप २६ जना विद्यार्थी भर्ना भएसँगै कुल संख्या १ सय ३० पुगेको छ। प्रतिष्ठानका उपकुलपति डा. पूजन रोकायाले अध्ययनका लागि जुम्ला रोजेका विद्यार्थीलाई स्वागत गर्दै उनीहरूलाई दक्ष र सक्षम जनशक्ति बनाउने लक्ष्यका साथ अध्यापन गराइने बताए।

काठमाडौँ जस्ता सुविधासम्पन्न सहरका विश्वविद्यालय छाडेर कर्णालीलाई विश्वास गरेकोमा प्रतिष्ठान थप जिम्मेवार र गौरवान्वित बनेको उनले बताए। दाङबाट एमबिबिएस अध्ययन गर्न जुम्ला आएका विद्यार्थी अमय आचार्यले सुनेकोभन्दा देखेको जुम्ला धेरै फरक लागेको बताए।

जुम्लालाई अत्यन्त दुर्गम भन्ने धारणा गलत रहेको उल्लेख गर्दै उनले यहाँको प्राकृतिक सौन्दर्य, भाषा, संस्कृति र जडीबुटीको सम्भावनाले आफू प्रभावित भएको बताए। भारतको दिल्लीबाट आफ्नी छोरी रेन्जु सिंहलाई एमबिबिएस अध्ययनका लागि जुम्ला ल्याएका उनका बुवा राघवेन्द्र सिंहले जुम्ला शान्त र सुन्दर क्षेत्र भएको बताए। उनले भारतका सुविधासम्पन्न विश्वविद्यालय छाडेर जुम्ला रोज्नुमा यहाँको शान्त वातावरण र गुणस्तरीय शिक्षालाई भूमिका खेलेको बताए।

समानुपातिक सिट बाँडफाँट

काँक्रेविहार संवाददाता
काठमाडौं, २८ फागुन

निर्वाचन आयोगले फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचन मतगणनाकार्य सम्पन्न भएको जनाएको छ।

आयोगले बिहीबार वक्तव्य जारी गरेर पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फका १६५ वटै निर्वाचन क्षेत्रमा सम्बन्धित मुख्य निर्वाचन तथा निर्वाचन अधिकृतको कार्यालयबाट अन्तिम मत परिणाम सार्वजनिक गरिसकेको जनाएको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि सम्पूर्ण मतगणना सम्पन्न भई प्रतिनिधिसभा सदस्यको निर्वाचन ऐन २०१७ को दफा ६० अनुसार सिट बाँडफाँट गरेको जनाएको छ।

आयोगका अनुसार कुल १ करोड ८९ लाख ३ हजार ६८९ मतदातामध्ये प्रत्यक्षतर्फ १ करोड ११ लाख ६८ हजार ३२ जनाले मतदान गरेका थिए।

त्यसमध्ये १ करोड ५५ लाख ५९ हजार १७ मत अर्थात् ९४.५५ प्रतिशत मत सदर भएको छ।

यस्तै समानुपातिकतर्फ १ करोड १२ लाख ८० हजार ६१७ मत खसेकोमा १ करोड ८ लाख ३५ हजार २५ मत अर्थात् ९६.०५ प्रतिशत मत सदर भएको आयोगले जनाएको छ।

समानुपातिकतर्फ जसले पाए सिट

समानुपातिक प्रणालीतर्फ ३ प्रतिशतको थ्रेसहोल्ड पार गर्ने ६ राजनीतिक दलले राष्ट्रिय पार्टीको मान्यता पाएका आयोगले जनाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी-५७ सिट
नेपाली कांग्रेस -२० सिट
नेकपा एमाले -१६ सिट
नेकपा -९ सिट
श्रमसंस्कृति पार्टी -४ सिट
राष्ट्रिय प्रजातन्त्र पार्टी-४ सिट

आयोगले प्राप्त सिट संख्याअनुसार तीन दिनभित्र समानुपातिकतर्फ निर्वाचित हुने उम्मेदवारको नाम छनोट गरी पठाउन सम्बन्धित राजनीतिक दलहरूलाई पत्राचार गरिएको जनाएको छ।

मुख्यमन्त्रीमाथि घुस मागेको आरोप लगाउने कर्मचारीलाई स्पष्टीकरण

काँक्रेविहार संवाददाता
कैलाली २८ फागुन

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कलमबहादुर शाहमाथि घुस मागेको आरोप लगाउने वरिष्ठ डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टसँग उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २४ घण्टे स्पष्टीकरण मागेको छ।

मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाले भट्टलाई पत्र पठाउँदै मुख्यमन्त्रीविरुद्ध सार्वजनिक रूपमा दिएको अभिव्यक्ति निजामती कर्मचारीको आचरणअनुकूल नभएको भन्दै स्पष्टीकरण सोधेका हुन्। केही दिनअघि एक सञ्चारमाध्यमलाई दिएको एक अन्तर्वार्तामा भट्टले मुख्यमन्त्री शाहले आफूसँग ५ लाख रुपैयाँ मागेको र रकम नदिएपछि पूर्वाग्रही भएर आफ्नो सरुवा गरिएको आरोप लगाएका थिए।

मन्त्रालयले भने उक्त अभिव्यक्ति निराधार, कपोलकल्पित र चरित्रहत्या गर्ने मनसायले दिएको भन्दै आपत्ति जनाएको छ। स्पष्टीकरण पत्रमा बिना तथ्य र प्रमाण व्यक्तिहरूमाथि आरोप लगाउनु तथा प्रयोग गरिएको भाषा र अभिव्यक्ति शैली निजामती कर्मचारीको आचरणभित्र नपर्ने उल्लेख गरिएको छ।

यसअघि पनि भट्टले विवादास्पद अभिव्यक्ति दिएको र विभिन्न व्यक्तिहरूमाथि आरोप लगाएको विषयमा मन्त्रालयको ध्यानाकर्षण भएको समेत पत्रमा जनाइएको छ।

मन्त्रालयले भट्टलाई २४ घण्टाभित्र स्वयं उपस्थित भई स्पष्टीकरण पेश गर्न भन्दै तोकिएको समयभित्र चित्तबुझ्दो जवाफ नआएमा निजामती सेवा ऐन तथा नियमावलीअनुसार कारबाही गरिने चेतावनी पनि दिइएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी समेत सम्हालिरहेका मुख्यमन्त्री शाहले बुधवार पत्रकार सम्मेलन गर्दै आफूमाथि लगाइएको आरोपमा कुनै सत्यता नरहेको दाबी गरेका थिए। उनले घटनाको सत्यतथ्य छानबिन गरिने पनि बताएका छन्।

दलित समुदायलाई न्यानो कपडा वितरण



काँक्रेविहार संवाददाता
हुम्ला, २८ फागुन

जिल्लाको अदानचुली गाउँपालिका-२ कुलाला गाउँका विपन्न दलित परिवारलाई न्यानो कपडा वितरण गरिएको छ। जेबी फाउन्डेसन को सहयोगमा सो समुदायका २३ घरधुरीका करिब ६० जनालाई पुग्ने गरी न्यानो कपडा उपलब्ध गराइएको हो। फाउन्डेसनका अध्यक्ष लोकेन्द्र भण्डारी को पहलमा उक्त सामग्री वितरण गरिएको वडा सदस्य अमनी कटुवाल ले जानकारी दिए। उनका अनुसार विपन्न दलित परिवारलाई एक-एक थान डसना, बाक्लो सिरक, तकिया र सिरानी वितरण गरिएको छ।

न्यानो कपडा पाएपछि स्थानीय दलित समुदायका बासिन्दा खुसी भएका छन्। फाउन्डेसनका अध्यक्ष भण्डारी स्वयं दलित बस्ती पुगेर सामग्री वितरण गर्दा विपन्न परिवारलाई ठूलो राहत पुगेको स्थानीय ज्येष्ठ नागरिक भक्त कुलाल ले बताए। अन्य धेरै स्थानमा गर्मी सुरु भइसके पनि हुम्लामा अझै जाडो कायमै रहेकाले यस्ता सामग्री खरिद गर्न नसक्ने परिवारका लागि यो सहयोग उपयोगी भएको उनको भनाइ छ।

श्रम र लागत घटाउन कृषिमा यान्त्रिकीकरण आवश्यक



काँक्रेविहार संवाददाता
धनगढी २८ फागुन

कृषि क्षेत्रमा बढ्दो श्रमिक अभाव र उत्पादन लागत कम गर्न कृषिमा यान्त्रिकीकरणको आवश्यकता बढ्दै गएको छ। आधुनिक कृषि औजार तथा मेसिनको प्रयोगले खेतीपाती छिटो, सहज र कम खर्चमा गर्न सकिने भएकाले किसानहरू यसतर्फ आकर्षित हुन थालेका छन्।

खेतीपातीका काममा ट्र्याक्टर, थ्रेसर, मिनी टिलर, रोपाइँ मेसिन र हार्भेस्टरजस्ता उपकरण प्रयोग गर्दा समय र श्रम दुवै बचत हुने कृषि विज्ञहरूको भनाइ छ। यस्ता मेसिन प्रयोग गर्दा उत्पादन लागत घट्ने मात्र होइन, उत्पादनको मात्रा र गुणस्तर पनि बढ्ने बताइन्छ।

विशेषगरी युवाहरू वैदेशिक रोजगारीतर्फ जाने क्रम बढेपछि गाउँमा कृषिका लागि आवश्यक जनशक्ति अभाव हुन थालेको छ। यस्तो अवस्थामा कृषिमा यान्त्रिकीकरणले किसानलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ।

सरकारले पनि कृषि आधुनिकीकरणलाई प्राथमिकतामा राख्दै विभिन्न कृषि उपकरणमा अनुदानको व्यवस्था गर्दै आएको छ। किसानहरूले यस्ता अवसरको सदुपयोग गर्दै आधुनिक प्रविधि अपनाएमा कृषि पेशालाई थप प्रभावकारी र व्यावसायिक बनाउन सकिने सरोकारवालाहरूको भनाइ छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)